# कृषि तथा भूमि व्यवस्था मन्त्रालयको पाँच वर्षीय उपलब्धी विवरण

१. **पृष्ठभुमीः** "समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश" बनाउने उद्देश्य प्राप्तीका लागि कृषि तथा भूमि ब्यवस्था मन्त्रालयले प्रदेश भित्रका स्रोत साधन, जनशक्ति, भौगोलिक तथा जलवायु अनुकुलताको अधितम उपयोग गर्दै कृषि, पशुपालन, मत्स्य, भूमि क्षेत्रको वैज्ञानिक व्यवस्थापन, विकास तथा प्रवर्द्धन महत्वपूर्ण कार्य सम्पादन गर्दै आएको छ। यस प्रदेशको कुल गार्हस्थ उत्पादनमा योगदान कृषि तथा पशुपन्छी क्षेत्रले करिब एक तिहाई हिस्साको रहेको छ। कृषि क्षेत्रमा प्रचुर सम्भावना भएको यस प्रदेशमा तराई र भित्री मधेस सहित एक तिहाइ खेतीयोग्य भूमि रहेको अवस्थामा उपलब्ध भूमिको वैज्ञानिक ढंगले समुचित प्रयोग गरी कृषि र कृषि उद्योगको विकास गर्नुपर्ने आवश्यकता छ। प्रदेशको प्रथम आवधिक योजनाको अन्त्यसम्ममा कृषि उत्पादनका क्षेत्रमा आत्मनिर्भर बनाई निर्यातमूलक अवस्थामा पुऱ्याउने सोच अनुरूप नै यस क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ।

लुम्बिनी प्रदेशमा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम (पूर्वी भाग), रोल्पा, प्यूठान, दाङ्ग, बाँके र बर्दिया गरी १२ जिल्ला मध्ये उच्च पहाड १ जिल्ला, पहाडमा ५ जिल्ला र तराईमा ६ जिल्ला रहेका छन् भने कूल १०९ वटा स्थानीय तहहरू रहेका छन्। यस प्रदेशको ३.१ प्रतिशत भूभाग उच्च हिमाल, ९ .१ प्रतिशत उच्च पहाड, ३२.२ प्रतिशत मध्यम पहाड २७.९ प्रतिशत शिवालिक र २७.६ प्रतिशत तराई क्षेत्र रहेको छ। लुम्बिनी प्रदेशका १२ जिल्लाहरूमा कूल १९,६९,७७६ हेक्टर क्षेत्रफल जमिन छ भने खेती योग्य जग्गाको क्षेत्रफल ६,९७,३३१ हेक्टर रहेकोमा ५,३९,४४३ हेक्टर क्षेत्रफलमा मात्र खेती गरिएको छ। उपलब्ध श्रम र सीपको पहुँच विस्तार गरी रोजगार सिर्जना गर्दै कृषिजन्य उत्पादन तथा उपलब्धतामा आत्मनिर्भर बन्नका लागि कृषिको व्यावसायिकरण, आधुनिकीकरण एवं विविधीकरणको माध्यमबाट लक्ष्य हासिल गर्न कृषि विकास कार्यक्रमहरूको ठूलो भूमिका रहदै आएको छ।

## २. दीर्घकालीन सोच

प्रदेशको समग्र कृषि क्षेत्रको विकास तथा भू-उपयोग नीतिलाई आत्मसात गर्दै कृषि एवं पशुपन्छीजन्य उत्पादन/उत्पादकत्वको दिगो वृद्धि, यान्त्रिकीकरण, व्यावसायिकीकरण, बजारीकरण, विविधिकरण र आधुनिकीकरणका माध्यमबाट तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक अवस्थाको सृजना गरी यस क्षेत्रको रुपान्तरण गर्दै खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता र रोजगारीको अवसर सृजना गर्ने।

## ३. उद्देश्य

- कृषि उत्पादन, उद्यम प्रवर्द्धनका लागि प्रविधि र प्राविधिक सेवाको व्यवसायिक क्षमतामा विकास र सेवा प्रवाहमा विस्तार गरी प्रदेशको दिगो र समतामूलक आर्थिक सामाजिक रुपान्तरणमा योगदान पुऱ्याउने ।

- कृषि क्षेत्रमा गुणस्तरीय उत्पादन सामाग्री र आधुनिक प्रविधिको प्रयोग गर्दै प्रतिष्पर्धात्मक क्षमता हासिल गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नुका साथै कृषिजन्य उद्योगलाई प्रवर्द्धन गर्ने।
- पशुपन्छी तथा मत्स्यपालनमा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै व्यवसायिक, प्रतिस्पर्धी एवं स्वच्छ, स्वस्थ पशुपन्छी उत्पादनको सुनिश्चितता एवं पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गरी यस क्षेत्रलाई आय आर्जनका साथै रोजगारीको माध्यमका रुपमा विकास गर्ने।
- भूमिको वैज्ञानिक व्यवस्थापन, वर्गीकरण र समुचित उपयोग, संरक्षण र दिगो व्यवस्थापन गरी चक्लाबन्दी मार्फत व्यवसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा टेवा पुर्‍याउने।

## ४. रणनीति

- कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा र प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने।
- कृषि क्षेत्रलाई लैङ्गिक मैत्री र समावेशीकरणका साथै आधुनिकीकरण,व्यवसायीकरण र औद्योगिकीकरण गरी रोजगारी र आय वृद्धि गर्ने।
- भूमिको खण्डीकरण रोकी कृषि भूमिको संरक्षण गर्ने।
- कृषि प्रविधि प्रसार प्रणालीलाई सबल र प्रभावकारी बनाउन कृषि अनुसन्धान र कृषि शिक्षासँगको समन्वय र साझेदारीका कार्यक्रमहरू सञ्चालन गर्ने।
- कृषि क्षेत्र (कृषि तथा पशुपन्छी)बाट हुने युवा पलायन रोकी कृषिलाई आकर्षित र सम्मानित पेशाको रूपमा विकास गर्ने।
- पशुपन्छीपालनलाई व्यवसायिक, प्रविधियुक्त र प्रतिस्पर्धी बनाई उत्पादन र उत्पादकत्व बढाउन उत्प्रेरित गर्दै वजार प्रवद्धन गर्ने।
- माछा उत्पादन पकेट क्षेत्र पहिचान, विस्तार र प्रवर्द्धन गर्ने।

## ५. कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ बमोजिम यस मन्त्रालयको कार्य जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन्:-

१) कृषि, कृषि उत्पादन, कृषि औद्योगिकरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यविधि, निर्देशिका निर्माण एवं यससँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने ।

२) पशुपन्छी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, निर्देशिका कार्यविधि निर्माण गर्ने ।

३) स्वस्थ एवं व्यावसायिक पशुपन्छी उत्पादनका लागि रोग नियन्त्रण र नक्ष्ल सुधार, बजार विकास तथा विस्तार, अध्ययन अनुसन्धान, तालिम एवं क्षमता विकास सम्बन्धी कार्य गर्ने गराउने ।

४) प्रादेशिक खाद्य सुरक्षा एवं पोषण अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर निर्धारण सम्बन्धी कार्य गर्ने गराउने ।

५) भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग, गुठी तथा गुठी जग्गा व्यवस्थापन, भूमिहिन सुकुम्बासी, दलित आदि वर्गको बसोबास, जिविकोपार्जन, र पुनःस्थापना, सरकारी जग्गा भाडामा दिने, सुरक्षीत बसोबास सम्बन्धी प्रादेशिक नीति कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन सम्बन्धी कार्य गर्ने गराउने।

## ६. सुशासन तथा सेवा प्रवाह

### क) कार्यालयहरूः ३३

संविधानले व्यवस्था गरेको संघीय मोडेलमा प्रदेशको कृषि तथा पशुपन्छीको विकासको अधिकार क्षेत्र भित्र रही कृषि तथा भूमि ब्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश भित्र ३३ वटा कार्यालयहरू स्थापना भएका छन्। तीन वटा जिल्लामा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयहरू गरी कुल ८ वटा अस्थायी कार्यालयहरू स्थापना भएका छन्। हरेक कार्यालयमा सूचना प्रविधिको विस्तार, ज्ञान विस्तार अभियान, सूचना अधिकारीको प्रबन्ध, प्राविधिक शाखाहरू मार्फत् प्रविधि विस्तारको कार्य भैराखेको छ।



### ख) जनशक्तिः

| कार्यालय | दरवन्दी | पदपुर्ति | अस्थायी | करार सेवा | विज्ञ सेवा | रिक्त |
|---|---|---|---|---|---|---|
| ३३ | ४२७ | ३५१ | ६९ | १५ | २ | १४५ |

तल्लो तहबाट दिनुपर्ने कृषि सेवा विस्तारका लागि कृषि क्षेत्रमा कुल ४२७ दरबन्दीको पदपुर्ति ६६ प्रतिशत रहेको र बाँकी ३४ प्रतिशत दरबन्दी रिक्त छ र हरेक वर्ष यो जनशक्ति कमि हुंदै गएको छ। प्रदेश लोकसेवाबाट कुनै पनि जनशक्ति नथपिंदा भएका अनुभवि जनशक्ति हराउँदै जाने र भएका जनशक्तिको समयमा बढुवा नहुनाले कर्मचारीको मनोबल अवस्था कमजोर छ।

प्रदेशमा १०९ वटा स्थानीय तह रहेका र अधिकाँश ती स्थानीय तहमा दरवन्दी रिक्त रहेको छ। ती रिक्त स्थानमा सहयोग पुग्ने गरी कृषि क्षेत्रमा प्रदेश सरकारले गरेको सबैभन्दा महत्वपूर्ण कार्यमध्ये कृषि तर्फका २१८ र पशुपन्छी तर्फका २१८ जना प्राविधिक कर्मचारी करार सेवा मार्फत् कृषि तथा पशुपन्छी क्षेत्रमा सेवा प्रवाह गरेको छ। संविधानले कृषि प्रसार सेवा विस्तार स्थानीय तहलाई दिएता पनि स्थानीय तहमा कृषकको माग अनुसारको सेवा र दक्ष प्राविधिक सेवा प्रवाहमा कमि रहेकोले कृषि प्रसार सेवा कमजोर हुन गएको छ र प्रदेशले समेत यस कृषि प्रसार सेवामा काम गर्नुपरेको छ।

### ग) क्षमता विकास

लुम्बिनी प्रदेशमा करिब ३५ लाख कृषक कृषि पेशामा आवद्ध रहेका छन्। ती कृषकहरूको समग्र चेतनास्तर र क्षमता सुधार नगरीकन कृषि क्षेत्रमा व्यवसायीकरण र रूपान्तरण नआउने भएकोले सक्षम कृषक र मर्यादित कृषि पेशाका लागि कृषि ब्यवसाय र उद्यम विकासका तालिमहरू जरूरी छ। प्रदेश सरकारले यस क्षेत्रमा कृषि ब्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुरा र पशु सेवा विकास तालिम केन्द्र, नेपालगंज मार्फत् विशेष सीप विकास तथा क्षमता विकासका तालिम प्रदान गरेको छ। कृषक, निजी व्यवसायी, कर्मचारी तथा सहकारी र समुहमा आवद्ध कृषकहरुको विषय सम्बन्धित विविध विषयमा क्षमता विकासका हालसम्म ७२५ महिला र २१०८ पुरुष गरी जम्मा ३७५५ जना भन्दा बढीलाई सिपमुलक व्यवहारिक तालिम प्रदान गरिएको छ।



**तालिम केन्द्रहरूबाट कृषि क्षेत्रमा दिइएको तालिमः**

| आ. व. | महिला | पुरुष | दलित | आदिवासी / जनजाती | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| ०७४/०७५ | ८६ | ३२७ | २४ | ११७ | २७२ | ४१३ |
| ०७५/०७६ | १७० | ३६० | १७ | १४९ | १९६ | ६४८ |
| ०७६/०७७ | २०४ | ५७९ | ५८ | २२७ | ३१४ | १०२६ |
| ०७७/०७८ | २२१ | ४९१ | ६५ | १८८ | २६७ | ९६० |
| ०७८/०७९ | २०० | ६७८ | ६७ | २३९ | ३९५ | ११२१ |
| कुल जम्मा | ७९५ | २१०८ | २०७ | ८०३ | ११७२ | ३७५५ |

**विगत ५ वर्षमा कृषि तालिम केन्द्रले प्रदान गरेको तालिम विवरणः**

| विवरण | ईकाई | आ व ०७४/०७५ | | आ व ०७५/०७६ | | आ व ०७६/०७७ | | आ व ०७७/०७८ | | आ व ०७८/०७९ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | सहभागी संख्या | परिमाण | सहभागी संख्या | परिमाण | सहभागी संख्या | परिमाण | सहभागी संख्या | परिमाण | सहभागी संख्या |
| कृषक स्तर | पटक | १६ | २२२ | १९ | ३८३ | २८ | ५८० | २७ | ५५९ | ३९ | ६२१ |
| सहायक स्तर | पटक | १६ | १९१ | ९ | १४७ | १३ | १८० | ८ | १२४ | १८ | २४३ |
| सहकार्य | पटक | ० | ० | ० | ० | १ | २३ | १ | २९ | १ | १४ |
| | | ३२ | ४१३ | २८ | ५३० | ४२ | ७८३ | ३६ | ७१२ | ५८ | ८७८ |

जिल्ला स्थित कृषि ज्ञान केन्द्रहरू, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू, एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयहरू, प्रयोगशालाहरू, फार्म केन्द्रहरूले तालिम, सेमिनार, गोष्ठी, भ्रमण मार्फत् कृषकहरूका क्षमता र सीप विकास तथा प्राविधिकहरूको क्षमता विकास भैराखेको छ।

**स्थानीय तहको क्षमता विकास कार्यक्रमः**

नेपालको दीर्घकालीन कृषि विकास रोडम्यापको रुपमा कृषि विकास रणनीतिले देशको कृषि क्षेत्रको विकासको लागि समग्र रणनीति सहित आउने २० वर्षमा (२०१५ – २०३५) कृषि क्षेत्रलाई अगाडि बढाउने दिशा

प्रदान गर्दछ । यसको प्रभावकारी कार्यन्वयनको लागि कृषि विकास रणनीति सहयोग सुविधा (TCF-ADS) र प्रदेश कृषि, खाद्य प्रबिधि र भूमि व्यवस्था मन्त्रालयको संयुक्त आयोजनामा जिल्ला समन्वय समितिको प्रमुखको अध्यक्षतामा १२ जिल्लाको १०९ पालिकाका मेयर/प्रमुख वा उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतहरु र सरोकारवाला सहित २९१ जनालाई प्रत्येक जिल्लामा एक दिने कृषि विकास रणनीति अभिमुखीकरण गरियो । त्यसै गरी १०९ पालिकामा कार्यरत कृषि र पशु सेवाका २१८ जना प्राविधिकहरूको दक्षता अभिवृद्धि गर्ने उद्धेश्यले कृषि विकास योजना तर्जुमा, तथ्यांक संकलन र व्यवस्थापन तथा किसान सूचीकरण विषयमा तालिम संम्पन्न भयो।

घ) **स्थानीय तह मार्फत कृषि सेवा प्रवाहः** आ.व. २०७७।७८ र ०७८।८९ मा प्रदेश सरकारबाट स्थानीय तहका लागि १०९ स्थानीय तहमा अधिकृत स्तरका कृषि तथा पशुपन्छी तर्फका कार्मचारीका लागि सशर्त अनुदान मार्फत प्राविधिक सेवा तथा प्रविधिमा पहुँच थपेको थियो।

ङ) **स्थानीय तहमा करार सेवामा प्राविधिक कर्मचारी परिचालनः** आ.व. २०७८।७९ बाट शरू गरी यस प्रदेशका सबै स्थानीय तहहरुमा प्रत्येक स्थानीय तहमा २ जना कृषि र २ जना पशु सेवा प्राविधिक गरी जम्मा ४३६ जना कृषि/पशु सेवा प्राविधिक परिचालन गरी स्थानीयस्तरमा कृषि प्रविधि सेवा प्रसार र विस्तार गर्नुका साथै कृषकको प्रविधि सेवामा पहुँच वृद्धि भएको छ।

च) **सेवा निवृत्त कर्मचारी परिचालन कार्यक्रमः** कृषि/पशुपन्छी क्षेत्रमा नीतिगत सहजीकरण. कार्यक्रमको स्थलगत अनुगमन र कृषकस्तरको समस्या समाधानका लागि कर्मचारीको सम्बन्धित सेवामा भएको पूरानो अनुभवलाई उपयोग गर्ने उद्देश्यले २६ जना सेवा निवृत्त कर्मचारीहरु परिचालन गरिएको छ

## ७. कृषि क्षेत्रका नीति तथा कानून तर्जुमाको अवस्था

| कानूनी दस्तावेज | ०७५।०७६ | ०७६।०७७ | ०७७।०७८ | ०७८।०७९ | ०७९।०८० | कुल |
|---|---|---|---|---|---|---|
| ऐन | ५ | ० | ० | ० | ० | ५ |
| नियमावली | ० | १ | ० | ० | ० | १ |
| निर्देशिका | ५ | ० | ० | ० | ० | ५ |
| कार्यविधि | ३६ | ४३ | १३ | ६ | १ | १०९ |
| जम्मा | ४६ | ४४ | १३ | ६ | १ | १२० |

**मूख्य ऐन, नियमावलीको सूची**

| **क्र.सं.** | **ऐन तथा नियमावलीको नाम** | **हालको अवस्था** |
|---|---|---|
| १ | बीउ बिजन एन २०७५ | स्वीकृत भएको |
| २ | लुम्बिनी प्रदेशको बीउ बिजन ऐन, २०७५ | स्वीकृत भएको |
| ३ | लुम्बिनी प्रदेशको दाना पदार्थ ऐन, २०७५ | स्वीकृत भएको |
| ४ | लुम्बिनी प्रदेशको पशु बधशाला तथा मासु जाँच ऐन, २०७५ | स्वीकृत भएको |

| | | |
|---|---|---|
| ५ | लुम्बिनि प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७५ | स्वीकृत भएको |
| ६ | जीवनाशक बिषादी नियमन गर्न बनेको विधेयक, २०७८" | संसदमा पेश भएको अवस्था |
| ७ | लुम्बिनी प्रदेश सहकारी ऐन, २०७५ | स्वीकृत भएको |
| ८ | कृषि ब्यवसाय प्रवर्द्धन विधेयक | तर्जुमाका लागि सहमति प्राप्त |
| ९ | लुम्बिनी प्रदेशको सहकारी नियमावली, २०७६" | स्वीकृत |
| १० | पशु स्वास्थ्य तथा पशु सेवा नियमावली २०७८ | तर्जुमाको चरणामा |
| ११ | दाना नियमावली | तर्जुमाको चरणमा |
| १२ | बीउ बिजन नियमावली | तर्जुमाको चरणमा |
| १३ | पशु बधशाला तथा मुस जाँच नियमावली | तर्जुमाको चरणमा |
| १४ | प्रादेशिक कृषि विकास रणनीति | अन्तिम अवस्था |
| १५ | कृषि प्रणाली विकास प्राङ्गारिक मापदण्ड | अन्तिम अवस्थामा |

प्रदेश स्थापना भए पश्चात् ऐन तथा नियमाली तर्जुमा सक्रियाता भए पनि पछिल्ला चरणमा कानून निर्माणमा कम ध्यान दिएको पाईन्छ। यस मन्त्रालयले विषादी ऐन देखि विभिन्न नियमावली तर्जुमा भएता पनि स्वीकृति चरणमा कम भएको छ।१२० वटा कानून तथा विधि तर्जुमा र प्रदेशको समग्र विकासका लागि प्रादेशिक कृषि विकास रणनीति अन्तिम चरणमा रहेको छ।

लुम्बिनी प्रदेशको कृषि क्षेत्रलाई आत्मनिर्भर, व्यवसायिक, प्रतिस्पर्धी, आधुनिक, द्रूत तथा दिगो विकासलाई मार्ग निर्देश गर्ने उद्देश्यका साथ आगामी १५ बर्ष (२०७९-२०९४) का लागि एक रणनीतिक दस्ताबेज "लुम्बिनी प्रदेश कृषि विकास रणनीति" (Provincial Agriculture Development Strategy ) तर्जुमाको अन्तिम चरणमा पुगेको छ|

## ८. बजेट तथा कार्यक्रम खर्चः

| आ.व. | विनियोजित कूल बजेट (रु. लाखमा) | | | खर्च (रु. लाखमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालू | पूँजिगत | जम्मा | चालू | पूँजिगत | जम्मा | चालू | पूँजिगत | जम्मा |
| २०४५/७५ | ३८९.९९ | १००. | ४८९.९९ | ६५.६ | ६५.०३ | १३०.६३ | १६.८ | ६५.० | २६.७ |
| २०७५/७६ | २५४३८.३५ | १५३१३.१ | ४०७५१.५ | १२६०० | ७८०९.८ | २०४०९.६ | ४९.५ | ५१ | ५०.१ |
| २०७६/७७ | ३७९८०.२९ | २४५३.६ | ४०४३३.९ | १५९२९ | १००९.६ | १६९३९ | ४१.९ | ४१.१ | ४१.८ |
| २०७७/७८ | ३७२२५.८६ | २८४७ | ४००७२.९ | २१०५४ | १३०० | २२३५४ | ५६.५ | ४५.२ | ५५.८ |
| २०७८/७९ | ३१५९०.१४ | २४४०.७१ | ३४०३०.८५ | १६१९० | १४६७ | १७६५७ | ५१.२ | ६०.० | ५१.९ |




चित्रः विगत ६ वर्षको कृषि तथा भूमि ब्यवस्था मन्त्रालयको बजेट विनियोजन र खर्चको अवस्था

कृषि तथा भूमि ब्यवस्था मन्त्रालयको विगतको ६ वर्षको विनियोजित बजेट विश्लेषण गर्दा प्रथम वर्ष बजेट स्थापना वर्ष भएकाले कमी रहेको र दोश्रो वर्ष पछि विस्तारै घट्दै गएको देखिन्छ। बजेट खर्चको विश्लेषण गर्दा प्रथम वर्ष २६.६६ प्रतिशत रहेको र विस्तारै बढ्दै गएको देखिन्छ। औषतमा ५० प्रतिशत भन्दा भढी खर्च भएको देखिन्छ। प्रदेश मन्त्रालयमा प्राविधिक जनशक्ति थप गर्नुपर्ने, क्षमता विकास गर्नुपर्ने, प्रकिया सरलीकरण, सहज बनाउनु पर्ने र कृषकको मागमा आधारित कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

मन्त्रालय तथा मातहतका कार्यालयबाट संकलन भएको राजश्व विवरण

| राजश्व विवरण | २०७६।७७ | २०७७।७८ | २०७८।८९ |
|---|---|---|---|
| कुखुरा विकास फार्म | १०४८३९२५ | १,१७,९८,९४१.४ | ११००५९५७ |
| मत्स्य विकास केन्द्र | १९७५०८३ | २०,५१,४०० | २२१२७६४ |
| मन्त्रालय र अन्य | | ५४१७९७२.६ | ७८५४३७९ |
| कुल रू. | | १९२६८३१४ | २१०७३१०० |

प्रदेश सरकारको कृषि क्षेत्रको आय व्याय विवरण

| | | ०७७।०७८ | | ०७८।७९ | |
|---|---|---|---|---|---|
| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम | प्राप्त रकम | खर्च रकम |
| १ | नेपाल सरकार समानीकरण अनुदान रू हजारमा | ११५९१५३ | ७८९६९१ | ४७३५०० | ४७३५०० |
| २ | नेपाल सरकार सशर्त अनुदान रू हजारमा | ४३२१०० | २१६४९२ | ३६६००० | ३६६००० |
| ३ | नेपाल सरकार समपूरक अनुदान रू हजारमा | ७७०० | ५७८३ | - | - |
| ४ | नेपाल सरकार विशेष अनुदान रू हजारमा | - | - | - | - |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँट) रू हजारमा | १६४११६८ | १२१६०६१ | २५६३५८५ | २५६३५८५ |

९. **मूख्य मूख्य उपलब्धीहरू:**

**क) बाली तथा बस्तुको उत्पादन विवरण:** प्रदेश सरकारले सोंच अनुसार आत्मनिर्भर प्रदेश बन्नका लागि विभिन्न कृषि क्षेत्रका कार्यक्रम संचालन गरी प्रमुख खाद्यान्न बालीहरूमा प्रदेश खाद्यान्न उत्पादनमा आत्मनिर्भर छ। यस प्रदेशले अन्य प्रदेशमा समेत खाद्यान्न निर्यात भैरहेको छ।

| | **०७५।०७६** | | **०७६।०७७** | | **०७७।०७८** | | **०७८।७९** | | **देशको उत्पादनमा प्रदेशको प्रतिशत योगदान** |
|---|---|---|---|---|---|---|---|---|---|
| मूख्य बाली | हेक्टर | उत्पादन | हेक्टर | उत्पादन | हेक्टर | उत्पादन | हेक्टर | उत्पादन | |
| धान | ३२२,०४८ | १,२५३,०८९ | ३०१,८३१ | १,१५९,४९५ | ३०७,१४९ | १,२२०,४४९ | ३१७९१५ | १०४००४५.७ | २१.३५ |
| गहुँ | १५४,५०४ | ४६५,३४० | १५६,४९० | ४८०,२८२ | १६०,९४० | ४३७,८७२ | १५८५८९ | ४६८२५६.४ | १४.०५ |
| मकै | १४८,५३३ | ३६३,८४५ | १५१,८८६ | ३९४,००४ | १५८,५८५ | ३७५,३७६ | १४४९९१ | ४१७७७१.१ | २३.२६ |
| कोदो | ९,७५० | १०,८७२ | १०,१९९ | ११,२०० | १०,१५८ | ११,७३४ | १०,१५८ | ११,७३४ | ३.६७ |
| फापर | १,३१२ | १,२६९ | १,५१७ | १,५६३ | १,२९४ | १,२६१ | १,२९४ | १,२६१ | ३.४२ |
| जौं | २,९१० | ५,१३१ | २,९६० | ४,७७९ | ३,११७ | ४,४१६ | ३,११७ | ४,४१६ | २८.७८ |
| जम्मा | ६३६,१४८ | २,०९४,४१६ | ६२१,९२३ | २,०४६,५४४ | ६४१,२४२ | २,०४६,६९३ | १५९५६० | ४३५१८२.१ | १९.२८ |
| नगदे बाली | ९७,१७१ | ८२५,७३४ | ९८,२६६ | ७९५,४५३ | ९४७२० | ८०२७३९ | तथ्याँक प्राप्त नभैसकेको | तथ्याँक प्राप्त नभैसकेको | |
| मसलाबाली | ७,२८३ | ६१,४४३ | ८,२६३ | ६७,६८१ | ८२८४ | ७६२२५ | " | " | |
| दलहन बाली | ८६,८८१ | ८८,५५४ | ८०,४३९ | ६४,९९८ | ८३७५३ | ८९८२६ | " | " | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| फलफूल बाली | १८,४३७ | १२३,१४० | १६,००६ | ११२,९९५ | १७८१३ | १०८९२१ | " | " | |
| तरकारी बाली | ३६,९५५ | ५४५,४०६ | ४१,७२७ | ५६८,९५९ | ४१९६६ | ५४४६४७ | " | " | |
| कफि | | | | | ४३३ | १८२ | " | " | |
| कपास | | | | | १३५ | १३६ | " | " | |
| रेशम | | | | | २० | ६ | " | " | |
| च्याउ | | | | | ३८००५९ | ९९६ | " | " | |
| मह | | | | | ५७,९६९ | ९७६ | " | " | |

प्रदेशमा खेती गरिएको जग्गाको खण्डीकरण, घडेरीकरण बढ्नु र खेती गर्ने युवा विदेश पलायनका कारण बाँझो राख्ने प्रवृति बढे पनि बालीहरूको उत्पादन क्षमता उच्च भएका जातहरूको विस्तारै विकास र विस्तार, नया प्रविधिहरूको विकास र प्रयोग, कृषि क्षेत्रमा प्रयोग हुने विभिन्न मेशिनहरूको प्रयोगले लागत कमि र उत्पादन तथा उत्पादकत्व बृद्धिमा सहयोग पुगेको पाईन्छ। यस प्रदेशमा पैरो, खडेरी, बाढी लगायतका विभिन्न प्रकोपहरूका कारण बाली तथा पशुपन्छीहरूको उत्पादनमा क्षति पुगे पनि समग्र उत्पादन बढ्दो क्रममा देखिन्छ।प्रति व्यक्ति औषतमा १२१ के जी खाद्यन्न आवश्यक पर्नेमा १५७ के जी उपलब्धता रहेको छ। यसले पनि प्रदेश खाद्यान्नमा आत्मनिर्भर रहेको छ भन्न सकिन्छ।

**ख) पशुपन्छी तथा मत्स्यको उत्पादन विवरण**

| पशुपन्छी | इकाई | २०७५।७६ | २०७६।७७ | २०७७।०७८ | २०७८।७९ |
|---|---|---|---|---|---|
| दुध | मे.टन | ३३१३९२ | ५४१३२५ | ५५७२०१ | ५७३८२६ |
| गाई | मे.टन | | २०५३४४ | २०३५८० | २२७७९६ |
| भैसी | मे.टन | | ३३५९८१ | ३५३६२१ | ३४६०३० |
| मासु | मे.टन | ५७३३९ | १०३५०१ | १०९८१५ | १२३६७३ |
| भैंसी।राँगा | मे.टन | | ५२६४१ | ५६४९९ | ६१२९१ |
| वोका/खसी | मे.टन | | २४०६६ | २५६५५ | २९५५० |

| | | | | | |
|---|---|---|---|---|---|
| भेडा/थुमा | मे.टन | | ४८७ | ४८१ | ४९५ |
| सुँगर।बंगुर | मे.टन | | १५०७० | १५५३६ | १९०७५ |
| कुखुरा | मे.टन | | १११६६ | ११५६८ | १३१६५ |
| हास | मे.टन | | ७१ | ७५ | ९७ |
| अण्डा | हजार गोटा | १५७०२१ | २०५५०८ | २२२८०३ | २२९८८५ |
| कुखुरा | हजार गोटा | | २०२३४७ | २१९३५६ | २२६४११ |
| हाँस | हजार गोटा | | ३१६२ | ३४४७ | ३४७४ |
| उन | के.जी. | | ३५२०९ | ३२४८८ | ३४८८४ |
| भेडा | के.जी. | | ३५२०९ | ३२४८८ | |
| घ्यू | मे.टन | | २२८८ | २८५६ | ३०३८ |
| छाला | संख्या | | ६८७७९ | ७१७४८ | ७४१४८ |
| गाई/भैसीको | संख्या | | ३९९१८ | ४११८९ | ४२१५० |
| भेडा/वाखाको | संख्या | | २८८६१ | ३०५५९ | ३१९९८ |
| माछा | मे.टन | १२३१३ | १४७३१ | १५६६३२ | १५५५३ |

पशुपन्छीको संख्यागत विवरण

| **बाली बस्तु** | **इकाई** | **२०७६।७७** | **२०७७।०७८** | **२०७८।७९** |
|---|---|---|---|---|
| गाई | संख्या | ११५००२१ | ११७०८२२ | ११८८३१७ |
| भैंसी | संख्या | १२५०७९९ | १२७०१८३ | १२९०२६९ |
| भेडा | संख्या | १५८३७६ | १५८६८३ | १५९२७३ |
| बाखा | संख्या | २२८३३०६ | २३४४८८८ | २४१७८१० |
| बंगुर/सुगुर | संख्या | ४४९००२ | ४६५५१५ | ४८१६९३ |

| | | | | |
|---|---|---|---|---|
| कुखुरा | संख्या | ९३९२५५० | ९८७५५८३ | १०३७०३१३ |
| हाँस | संख्या | ८८८१४ | ९६३९१ | १०००६७९ |

## १०. आयोजनागत उपलब्धी

### क) स्मार्ट कृषि गाउँ

"स्मार्ट कृषि गाउँ" भन्नाले विशिष्टता अनुसारको बाली तथा पशुपंछी सुहाउँदो जलवायु तथा वातावरणमैत्री अभ्यास, सिंचाइ तथा आधुनिक उत्पादन प्रविधिको प्रयोग एवम् जोखिम न्यूनीकरणका उपायहरु अवलम्वन गर्दै कृषिको उत्पादन, उत्पादकत्व र गुणस्तर वृद्धी गरी आयआर्जनमा संलग्न भएको कम्तीमा ५० घरधुरी भएको सिकाइयोग्य समुदाय हो।

उद्देश्यः

- कृषि उत्पादनलाई बजारमुखी, व्यवसायमुखी नाफामुखी र आत्मनिर्भर बनाई कृषकहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी दिगो आयस्तर वृद्धि गर्न एक नमूना गाउँको रुपमा विकास गर्नु।
- कृषि प्रसार, असन्धान र शिक्षालाई समन्वयात्मक रुपमा जोड्दै कृषि उत्पादकत्व तथा कृषकको आय आर्जनमा वृद्धि गर्ने।

**स्मार्ट कृषि गाउँको संख्याः**

| विवरण | निर्णय भएका स्मा.कृ.गा.का | विनियोजन भएका स्मा.कृ.गा.का. | कार्यान्वयन भएका स्मा.कृ.गा.का. |
|---|---|---|---|
| २०७५/७६ | ५२ (कृ.३४, प.१८) | ५२ (कृ.३४, प.१८) | ५२ |
| २०७६/७७ | २३ (कृ.७, प.१६) | ७५ (कृ.४१, प.३४) | ५० |
| २०७७/७८ | ४१ (कृ.१९, प.२२) | ११६ (कृ.६०, प.५६) | १०८ |
| २०७८/७९ | ० | ११६ | ९४ (१०० वटामा सहमति) |
| २०७९/८० हालसम्म | ० | ५९ | ८ वटा सहमति दिइएको |

नोटः कृ. कृषि र प. पशुपन्छी







स्मार्ट कृषि गाउँ कार्यक्रमलाई महत्वकांक्षी आयोजनाका रुपमा लिई शिक्षा प्रसार र अनुसन्धानलाई एकिकृत गर्दै हालसम्म करिब ७५०० घरधुरीका ३७५०० कृषकहरु समेटी १०८ वटा गाउँहरुमा एकिकृत मोडल सहितको कार्यक्रम संचालन भैरहेको छ। कृषि तर्फ जम्मा ५९वटा स्मार्ट कार्यक्रम मार्फत भकारो सुधार टनेल निर्माण ३३७ वटा  वटा तथा सिंचाईको कुलो निर्माण २०३३अस्थाई टनेल निर्माण  (३४०० मिटर) लगाएतका उप-आयोजनाहरु सम्पन्न भएका छन् । यस कार्यक्रम अन्तरगत ८ आधारित  जना कृषि स्नातकोत्तर विद्यार्थीहरुबाट शोधकार्य अनुसन्धान भई समस्यामा अध्ययन कार्य सञ्चालनमा छन्।बाली उत्पादन क्षेत्रफल ३१३६.२२ हे. बाट थप ७०७ हे. विस्तार र सिंचित क्षेत्रफल विस्तार १११८ हे. बाट २२४१ हे. मा पुगेको छ।२९ वटा कृषि सूचना केन्द्रहरुको स्थापना भएका छन् भने कृषि यान्त्रिकरण (ट्याक्टर, रोटाभेटर, सिड ड्रिल, मिनि टिलर, पावर टिलर, थ्रेसरको प्रयोग) मा वृद्धि भएको, १३ वटा कष्टम हायरिङ्ग सेन्टर स्थापना भएको, बजार पूर्वाधारहरु (सङ्कलन केन्द्र) विकास भएको, उन्नत वीउ विजन तथा प्रविधिको प्रयोग वृद्धिको प्रयोग बढेको, पशुपंछीको संख्या तथा उन्नत नश्लहरुको प्रयोग बढेको देखिन्छ।

**ख) सुलभकर्जा सहजीकरण तथा ब्याजमा अनुदान कार्यक्रम**

अनुदान कार्यक्रमलाई थप प्रभावकारी गराउनका लागि शुलभ दरमा कृषि ऋण प्रदान गर्न र सोको सहजीकरण गर्न थालनी भएको शुलभकर्जा सहजीकरण तथा ब्याज अनुदान कार्यक्रमका लागि प्रदेशका सबै जिल्लामा कर्जा सहजकर्ता परिचालन गरिएको छ। आ.व. २०७६।७७ बाट शरू भई प्रत्येक जिल्लामा सहयोगी कक्ष सहित १२ जना कर्जा सहजकार्ता नियुक्ति गरी करिब २००० भन्दा बढी कर्जा सहजीकरण भएको छ। हालसम्म प्रदेश सरकार तर्फ १३२ जना उद्यमीले १४ भन्दा बढी वितियसंस्थाबाट विभिन्न समयमा १ करोड २० लाख ५६ हजार १७ रूपया ब्याज अनुदान रकम उपलब्ध गराइएको छ। १५ करोड भन्दा बढी बैकहरूबाट यस कार्यक्रममा लगानी भएको छ।

**ग) महामारी तथा विपद ब्यवस्थापन वा राहत कार्यक्रम**

कृषि क्षेत्रमा विभिन्न महामारी विपद व्यवस्थापन कार्यक्रममा प्राकृतिक रुपमा हुने बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, डढेलो, आगलागी, चट्याङ्ग आदिबाट भएको क्षतिको राहत स्वरुप कूल ३४५ कृषक घरधुरीलाई रु. १ करोड ५० लाख ९ हजार ४ सय २० रुपियाँ रकम सहयोग गरिएको छ।

| विवरण | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | कुल |
|---|---|---|---|---|
| कृषक संख्या | १६ | ११२ | २१७ | ३४५ |
| प्राप्त रकम रू (हजारमा) | १७४० | ३८६७.८२ | ४९०१.६ | १०५०९.४ |
| जिल्ला | ५ | ७ | ७ | ७ |

आ.व. २०७९।८० देखि मन्त्रालयमा एकद्धार प्रणालीबाट क्षतीको राहात अनुदान प्रवाह गर्न उपयुक्त हुने, क्षती भुक्तानी प्रकिया झन्झटिलो र निकै ढिलो समेत हुन पुगेकोले कार्यक्रमको प्रभावकारी देखिएकोले कृषकहरूलाई सरल तथा सहुलियत रूपमा उपलब्ध गराउने गरी बाली तथा पशुपन्छी विमा कार्यक्रमबाट सम्बोधन गर्ने नीतिगत र कार्यक्रम व्यवस्था भएको छ।

**घ) कृषिकर्मी रोजगार कार्यक्रम**

कृषि क्षेत्रमा सामाजिक सुरक्षा तथा कृषिकर्मि संरक्षणका लागि यस मन्त्रालयले कृषिकर्मि रोजगार कार्यक्रम अन्तर्गत १९१ रोजगारदाता मार्फत ५३७ भन्दा बढी कृषिकर्मीलाई रोजगारी हुने गरी सम्झौता सम्पन्न भएकोमा १५६ रोजगारदाता मार्फत ४१८ जना कृषिकर्मीले सामाजिक सुरक्षा कोषमा आवद्ध भई रोजगारी प्राप्त गरेको छ।सबै स्थानीय तहमा कृषि क्षेत्रका स्वयम् सेवकहरू १०९ जना छनोट गरी हरितस्वयम् सेवक मार्फत् कृषि नमुना फार्महरू सञ्चालन गरी समुदायमा कृषि प्रसार सेवा विस्तार गर्ने अभियान आ. व. २०७६।७७ बाट शुरू गरिएको थियो।यो संख्या हरेक वर्ष कमि हुंदै गए पनि केही हरित स्वयम् सेवकको नमुना फार्म र कृषि प्रसार सेवा प्रभावकारी देखिएको छ।

हरित स्वयम् सेवक नियुक्ति र कृषि प्रसार सेवामा परिचालन

| **हरित स्वयम्र सेवक कार्यक्रम** | २०७६।७७ | २०७७।७८ | २०७८।८९ | कुल |
|---|---|---|---|---|
| हरित स्वयम् सेवक संख्या–पशुपन्छी तर्फ | 0 | ३३८ | १५८ | ४९६ |
| हरित स्वयम्सेवक विकास तथा परिचालन (कृषि तर्फ) | ९३ | ३७६ | २२९ | ६९८ |

रोड कोरिडोर/क्षेत्र विशेष कृषि/पशु विकास कार्यक्रम अन्तर्गत प्रत्येक जिल्लामा करिब ४५० घरधुरीमा सञ्चालन भई व्यवसायिक कृषि तथा पशुपन्छी उत्पादन वृद्धि भएको छ।

**ङ) खोरेत रोग विरुद्धको खोपः**

आ.व. २०७७/७८ मा खोरेत रोग उन्मुलन अभियान अन्तर्गत तराईका ६ जिल्लामा २६४ जना भ्याक्सिनेटर परिचालन गरी ४९६०५६ पशुहरुलाई खोरेत रोग विरुद्धको खोप लगाइएको।चालु आ.व. २०७८/७९ मा प्रदेशको १० जिल्लामा ४०० जना भ्याक्सिनेटर परिचालन गरी १३ लाख पशुहरुलाई खोरेत रोग विरुद्धको खोप लगाउने अभियानमूखी कार्यक्रम सञ्चालन गरिएको छ।

| **खोरेत रोग उत्मुलन** | **२०७७।७८** | **२०७८।७९** | **कुल** |
|---|---|---|---|
| खोप | ४९६०५६ | १३००००० | १७९६०५६ |
| भ्याक्सिनेटर परिचालन | २६४ | ४९६ | ७६० |

**च) मिसन कार्यक्रमः**

आ.व. २०७६/७७ मा संचालन सुरु भएको लसुन/प्याज, कागती/ सुन्तला, बाख्रा र बङ्गुरको अभियानमुखी मिसन कार्यक्रम मार्फत कम्तिमा ४१०० जना लाभान्वित हुने गरी आयोजना सम्पन्न भइरहेकोमा आ.व. २०७७/७८ मा आलु र मकै र आ.व. २०७८/७९ मा माछा समेत थप गर्दै जिल्ला स्थित कार्यालयहरुबाट संचालन भएको।

| कार्यक्रम | इकाइ | २०७५।७६ | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | कुल |
|---|---|---|---|---|---|---|
| अभियानमूखी (मिसन) कार्यक्रम कृषि तर्फ | योजना संख्या | १ | ५७ | २४५ | २४३ | ५४६ |

हालसम्म १५० हे. मा लसुन प्याज, २१७ हे. मा आलु, ३२६ हे. मा मकै, १०० हे. मा सुन्तला/कागतीको सघन खेती प्रणाली विस्तार भएको छ। १४ वटा बाख्रा मिसन मार्फत ७०० परिवार लाभान्वित भएका छन्

भने १७५०० माउ बाख्रापालन, ६ वटा बङ्गुर मिसन मार्फत ३००० माउपालन भई १५० परिवार लाभान्वित भएको छन्।

**छ) प्रतिफलमा आधारित प्रोत्सहान अनुदान कार्यक्रमः**

कृषिमा उत्पादनका लागि भन्दा बढी उत्पादनमा प्रतिश्पर्धा बनाई उत्पादन र उत्पादकत्व बढाउने उद्देश्यले १० जिल्ला (रुकूम-पूर्व र रोल्पा बाहेक) मा प्रतिफलमा आधारित प्रोत्साहन अनुदान रकम मासु तर्फ १९ वटा संस्था मार्फत ४५ लाखा ५८ हजार ३५० र दुध तर्फ २२७ संस्था मार्फत १४ करोड ८७ लाख ५ हजार रकम सीधै कृषकलाई उपलब्ध गराईएको छ। बीउ बिजन तथा चैते सिजनका अन्य बालीहरूमा समेत यस कार्यक्रम यस वर्ष देखि थप प्रभावकारी बनाइएको छ।

| बाली बस्तु | विवरण | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | २०७९।८० | कूल |
|---|---|---|---|---|---|---|
| मासु | संस्था | - | १९ | - | - | १९ |
| | अनुदान रकम रू हजारमा | - | ४५५८.३५ | - | - | ४५५८.३५ |
| दुध | संस्था | २८ | ३१ | १२१ | ४७ | २२७ |
| | अनुदान रकम रू हजारमा | २४९७४.२१ | ३१०१२.८ | ६३१५६ | २९५६२ | १४८७०५ |

**ज) बजार संरचना निर्माण/भण्डारण पूर्वाधार विकासः**

प्रदेश भित्रको उत्पादनलाई बजार सम्मको पहुँच तथा उत्पादक र उपभोक्ता बीचको मूल्य कम गर्ने उद्देश्यले गत आ.व. २०७८/७९ मा ११ वटा ट्रस, ७ वटा पक्की बजार, ३ संकलन केन्द्र, २ वटा प्रशोधन केन्द्र निर्माण तथा सुधारका कार्यक्रम सम्पन्न भएका छन्।

त्यसैगरी, कृषि जन्य वस्तुको भण्डारण, मूल्य र बजारीकरणको हालको समस्यालाई दिर्घकालीन समाधान गर्ने र कृषि उत्पादनोप्रान्तको क्षति न्यूनिकरण हुने गरी आ.व. २०७५/७६ बाट सुरु भएका करिब १९ वटा शित भण्डार मध्ये हालसम्म ९०२५ मे.ट. क्षमताका १२ वटा आयोजना सम्पन्न भएकोमा बाँकी १४०० मे.टन. क्षमताका ५ वटा आयोजनाको अन्तिम भुक्तानी बाँकी रहेको छ।

बर्दिया जिल्लामा स्थापना भएको टिस्युकल्चर ल्याबका लागि केही सहयोग गरिएको भने कृषि जन्य वस्तुहरूको प्रशोधन उद्योग र खाद्यान्न भण्डारण गृह स्थापना १०/१० वटा स्थापना भएका छन्।

| विवरण | इकाइ | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | २०७९।८० | कूल |
|---|---|---|---|---|---|---|
| टिस्यूकल्चर प्लान्ट स्थापना सहयोग | संख्या | ० | ० | ० | १ | १ |
| कृषि जन्य वस्तुहरूको प्रशोधन उद्योग | संख्या | १ | ४ | ३ | २ | १० |
| खाद्यान्न भण्डारण गृह स्थापना | संख्या | ० | १ | ४ | ५ | १० |
| बीउ भण्डारण गृह स्थापना | संख्या | ० | १ | १० | ८ | १९ |
| शीत भण्डार | संख्या | ० | ० | १९ | ० | १९ |

**बीउ भण्डारगृह तथा प्रशोधन सहयोग कार्यक्रमः** स्वदेशी उन्नत तथा हाईब्रिड जात तथा नश्लको विस्तार गर्न र अन्य प्रदेशहरुमा समेत बीउ विजन निर्यात गर्न बीउ बजारीकरणमा टेवा पुर्‍याउने उद्देश्यले गत आ.व. मा १० वटा बीउ भण्डारगृह स्थापना भएको छ।

प्रदेश सरकारले कृषि उपजको मूल्यमा एकरूपता, कृषकहरूलाई सहज बेचबिखन, उपभोक्ताका लागि सहजता र बजार सुनिश्चताका लागि सहयोग पुग्ने गरी प्रदेशका ९५ भन्दा बढी प्रादेशिक बजारको स्तोरन्ती, थोक बजार, खुद्रा बजार, हाट बजार, संकलन केन्द्र तथा सहकारी बजारका लागि यस मन्त्रालय र मातहताका कार्यालय मार्फत् ५ वर्षमा विभिन्न यन्त्र उपकारणहरू, संरचना निर्माणमा सहयोग तथा स्थापना र सञ्चालनमा समेत सहयोग भएका छन्।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| थोक बजार, हाट बजार, सहकारी बजार र संकलन केन्द्र | संख्या | ५० | ७ | ३० | ८ | ९५ |

**मिल्क पार्लर तथा मिट माट स्थापना कार्यक्रमः** कृषि व्यवसायलाई विस्तार गर्दै संजालहरुको सहकार्यमा मूल्य श्रृंखलामा आधारित प्रवर्द्धन कार्यक्रम अन्तर्गत रुपन्देही र नवलपरासीको पूर्व-पश्चिम राजमार्ग तथा हुलाकी मार्ग लक्षित ४ वटा स्थानमा मिल्क पार्लर स्थापना भएको छ। नमुना मिट मार्ट सहयोग कार्यक्रम अन्तरगत दाङ्ग र बाँके ४ वटा मिट नमुना मार्ट सुधार तथा स्थापना भएको छ।

**अण्डाको क्रेट निर्माण उद्योग सहयोग कार्यक्रम** अन्तरगत दाङ्ग, बाके र प्यूठान ३ वटा क्रेट निर्माण उद्योग सुधार तथा स्थापना भएको छ।चिलिङ्ग भ्याट वितरण तथा सहयोग कार्यक्रम २८ वटा डेरी उद्योगलाई सहयोग।स्थानिय कुखुराबाट अण्डा उत्पादनका लागि मिनी ह्याचरी स्थापना सहयोग ८ वटा पोल्ट्री व्यवसायीलाई सहयोग।साईलेज प्याकेजिङ तथा प्रशोधन उपकरण ३ वटा साइलेज उद्योगलाई सहयोग दाङ्ग,पाल्पा र रुपन्देहीका गरी ४ वटा उद्योगबाट वार्षिक ५९३ मे टन साइलेज उत्पादन तथा विक्री वितरण.पशुपंक्षी पर्यटन प्रवर्धन मार्फत आय आर्जनमा सहयोग कार्यक्रम। ह्याचरी मेसिनमा अनुदान सहयोग

कार्यक्रम ५ वटा पोल्ट्री व्यवसायी। टी एम आर ब्लग निर्माण मेशीन सहयोग कार्यक्रम १ वटा व्यवसायी समावेश भएका छन्।

**पशु तथा पशुजन्य पदार्थको बजारीकरण हाट बजार स्थापना** सुदृढिकरण कार्यक्रम २ वटा वजारलाई सहयोग, दुध पाश्चुराईजर मेशीन वितरण कार्यक्रम १ वटा डेरी उद्योगलाई सहयोग, मिल्किङ्ग मेसीनमा उपकरण खरिद कार्यक्रम २ वटा पशु फार्मलाई सहयोग र सहकार्यमा लेयर्स कुखुराको केज निर्माण कार्यक्रम ३ वटा पोल्ट्री उद्योग निर्माण भएका छन्। मागमा आधारित अनुदान कार्यक्रम १६८ जना साना पशुपालन कृषक लाभान्वित अनुवंशिक स्रोत संरक्षण कार्यक्रम १६९ जना साना पशुपालन कृषक लाभान्वित भएका छन्।

**झ) प्रयोगशालाको स्तरोन्नती तथा सुदृढीकरण कार्यक्रमः**

पशु स्वास्थ्य सेवा तथा नियमन कार्यक्रमलाई प्रभावकारी बनाउने उद्देश्यले नवलपरासीमा प्रदेशस्तरीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाको सुदृढीकरण भएको छ। मल, बीउ, विषादी, माटो सुधारका लागि नियमन आवश्यक पर्ने प्रयोगशालाहरूमा निजी क्षेत्रमा समेत थर्पिदै जानुपर्ने देखिन्छ। प्रदेशमा बीउ बिजन २, माटो तथा मलाखाद परीक्षणका लागि १, विषादी परीक्षण तथा नियमनका लागि १ वटा स्थापना भएका छन्।

आ. व. २०७८।७९ मा बीउ विजन प्रयोगशाला खजुरा तथा रुपन्देही मार्फत प्रति वर्ष २००० भन्दा बढी नमुना बीउ परिक्षण, ५०० मे.टन. भन्दा बढी बीउ प्रमाणीकरण, १५०० हे भन्दा बढी .बीउ बाली निरिक्षण सम्पन्न भएको थियो। त्यस्तै, नश्ल सुधारका लागि विभिन्न जिल्लामा गरी कूल ८२१३४ पशुमा कृत्रिम गर्भाधानको कार्य सम्पन्न भएको थियो।

**ञ) अर्गानिक वा प्राङ्गारिक कृषि विकास कार्यक्रम तथा माटो सुधार कार्यक्रमः** रूकुमपुर्व जिल्लालाई अर्गानिक जिल्ला घोषणा भएको छ भने माटो सुधार कार्यक्रम मार्फत माटो परिक्षण, स्वाइल म्याप निर्माण तथा प्रत्येक जिल्लामा माटो परिक्षणका लागि प्रयोगशाला स्थापना भएको छ। यस वर्ष देखि हरेक जिल्लामा माटो सुधार अभियान नमुनाको रूपमा सञ्चालन गर्ने नीति प्रदेश सरकारले अंगिकार गरेको छ र सो अनुसार कार्यक्रम शुरूवात गरिसकेको छ।

**ट) बाली तथा पशुवस्तुहरुको उत्पादन, प्रशोधन तथा बजारीकरण कार्यक्रमः**

मल र बीउ खरिदमा अनुदान कार्यक्रम अन्तर्गत १४९.२६४ मे.टन. खाद्यान्न बीउ, ११५.३६८ मे.टन. तरकारी (आलु सहित), ५.११५ मे.टन. दलहन, ८५ केजी तेलहन, २२०.८३६ मे.टन. मसलाबाली, १३६.२९२ मे.टन. आलु, १६० केजी च्याउ बीउ, २.२५० मे.टन. ढैंचा बीउ, ५० हजार अलैची विरुवा, ७० प्याकेट पुष्प बीउ, १७.०६९ हजार हिँउदे फलफूल, ६९.१९५ वर्षे फलफूल, १०२.७६० हजार सुन्तलाजात फलफूल, १००८.७५२ मे.टन. भर्मिकम्पोष्ट/प्राङ्गारिक मल, ४९.३६९ मे.टन. जैविक मल वितरण गरिएको छ। साथै पशुपन्छी तर्फ बजारीकरण कार्यका लागि चिलिङ्ग भ्याट तथा मिल्क एनालाइजर वितरण १७, डेरी पसल, मासु पसल, जिउँदो माछा पसल ४१ सुधार कार्यक्रम सम्पन्न भएको छ।

| प्लाष्टिक टनेल निर्माण | | ०७५।०७६ | ०७६।०७७ | ०७७।७८ | ०७८।०७९ | कुल |
|---|---|---|---|---|---|---|
| प्लाष्टिक घर (बांस) | संख्या | ३४९ | ५०३ | ११२४ | ११५३ | ३१२९ |
| प्लाष्टिक घर (फलाम) | संख्या | २० | ५३ | ६५६ | ३९१ | ११२० |
| क्षेत्रफल | हेक्टर | ३ | ५ | ३७ | ३८ | ८३ |
| | | | | | | |

ठ) **बायोग्याँस सहित भकारो सुधार कार्यक्रम/ गौशालामा आयमूलक कार्यक्रमः** गुईठा बाल्ने प्रवृत्तिलाई निरुत्साहित गरी भकारो सुधार गर्ने उद्देश्यले विभिन्न जिल्लाहरुमा संचालित कार्यक्रमबाट १७६ वटा बायोग्यास निर्माण सहितको भकारो सुधार कार्यक्रम सम्पन्न भएको। त्यसैगरी तराईको ६ जिल्ला र पहाडी ४ जिल्ला (रुकूम-पूर्व र रोल्पा बाहेक) मा संचालित कार्यक्रमबाट १३ वटा गौशालामा गड्यौली मल ट्रस निर्माण ९, गोठ ट्रस निर्माण ८, गोठ मर्मत तथा सुधार १, गोदाम घर निर्माण १ कार्य सम्पन्न हुनुका साथै मोही पार्ने मेशिन १, गौ अर्क प्रशोधन मेसिन ३, सावुन बनाउने ड्राई ३५ सेट लगायतका अन्य आवश्यक उपकरणमा सहयोग गरिएको।

ड) **स्रोत केन्द्र निर्माणः**

